# करैयामाई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
करैया, बारा
मधेश प्रदेश, नेपाल

## माछा पोखरी ठेक्का सम्बन्धी शिलबन्दी प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक प्रकाशि मितिः २०८२/०१/२६ )

यस गाउँपालिकाको अधिकार क्षेत्रमा पर्ने निम्न अनुसारका माछा पोखरीहरुलाई ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र तथा करचुक्ता प्रमाण पत्र, उक्त कार्य गर्न योग्य भएको स्व. घोषणा पत्र पेश गरी निम्न शर्तहरुका अधिनमा रही स्थानीय सरकार संचालन ऐन, २०७४ सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ एवं अन्य प्रचलित कानून बमोजिम शिलबन्दी बोलपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु:

१. ठेक्का अवधि आ.व. २०८२/०८३ देखि २०८६/०८७ सम्म ५ वर्षको लागि हुनेछ ।

२. बोलपत्रदाताले खामको बाहिरपट्टी ठेक्काको नं., नाम र करैयामाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, करैया बारा भनी प्रष्ट लेखु पर्नेछ ।

३. बोलपत्र दाखिला गर्ने फर्मले स्थायी लेखा नम्बरको प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणित पत्रहरुको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

४. ठेक्काको हकमा सूचना प्रकाशित भएको १६ औ दिनमा दिनको १२:०० बजे भित्र करैयामाई गाउँपालिकाको कार्यालयमा बोलपत्र दर्ता गराई सक्नु पर्नेछ र सोही दिन दिउँसो २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा बोलपत्र खोलिनेछ । उक्त दिन बिदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा सो कार्य हुनेछ । बोलपत्र खोलिने मिति र समयमा बोलपत्रदाताहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाध्य पर्ने छैन् ।

५. बोलपत्रको साथ आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको नामबाट दर्ता भएको कुमारी बैंक करैयामाई शाखामा रहेको धरौटी खाता (ग ३. धरौटी खाता) नं. २६१०२४७२८७३००००४ मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको ९० (नब्बे) दिन सम्म म्याद भएको विड वण्डको सक्कलै प्रति संलग्न गर्नु पर्नेछ ।

६. बोलपत्र स्वीकृत भए पछि सूचना पाएको मितिले ७ दिन भित्र नियमानुसार पहिलो किस्ता रकम यस गा.पा.को आन्तरिक राजश्व खातामा जम्मा गरी जम्मा गरेको रकमको सकल भौचर सहित र एक किस्ता बराबरको बैंक जमानत पत्र, आयकर, मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी साथै लिई सम्झौता गर्न आउनु पर्ने छ । सो अवधिभित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ र दोश्रो बोलपत्र दाताले बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः सूचना अव्हान गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. यस सूचनामा उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

### पोखरी ठेक्का विवरण

| ठेक्का नं. | ठेक्का शिर्षक | साविक गा.वि.स. | साविक वडा नं. | हाल वडा नं. | कि.नं. | क्षेत्रफल | ठेक्काको न्यूनतम अंक (भ्याट समेत) | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|---|
| ०१/०८२/०८३ | माछा पोखरी | नरही | ४ | ८ | १२५ | ४-१५-० | १८,०८,०००/- अठार लाख आठ हजार मात्र | १०००/- |

प्रमुख प्रशासकीय अधिकृत
वीरेन्द्र महतो
प्रमुख प्रशासकीय अधिकृत